"कास्की आदर्शको चाहना, सभ्य र समृद्ध समाजको स्थापना"

# कास्की आदर्श सेवा समाज

## दोहा, कतार

# आदर्श सन्देश

बर्ष-१ अंक–१ २०७४ बैशाख **स्मारिका**



सेती बाढीपीडितहरुलाई राहत वितरण
सार्दिखोला, कास्की



बाढीपीडितलाई राहत वितरण
ठुलाखेत, कास्की



पहिरो पीडितलाई राहत वितरण
लुम्ले, कास्की



खानेपानी पाइप मर्मतमा आर्थिक सहयोग
संगम मा. वि., लुम्ले चन्द्रकोट, कास्की




१४ औं स्थापना दिवस समुद्घाटन समारोह - २०१६



कम्युनिटी भलिवल प्रतियोगितामा कास्केली खेलाडीहरु
NRNA NCC कतारका अध्यक्ष विनेश तामाङसंग



हरितालिका तीज विशेष कार्यक्रम
फेवा सांस्कृतिक परिवार





पाँचौ अधिवेशन जनवरी-२०१६

kaski061iws@gmail.com    Kaski Aadarsha Sewa Samaj

# शुभकामना

कास्की जिल्लाबाट वैदेशिक रोजगारीको सिलसिलामा कतार आएका हामी युवाहरुको पहलमा २००२ मा स्थापना भएको यस कास्की आर्दश सेवा समाज दोहा कतारको स्मारिका **"आदर्श सन्देश"** प्रकाशन हुन लागेकोमा अत्यन्त खुशी लागेको छ । मलाई आशा छ यस स्मारिकाले आफ्नो ठाउँ तथा देशको बारेमा र परदेशिएका नेपालीको बारेमा सन्देश दिने नै छ। प्राकृतिक सम्पदाले धनी तथा नेपालकै दोश्रो ठुलो शहर दोश्रो राजधानी कास्कीको पोखरा भएपनि देशमा भइरहने बिभिन्न राजनीतिक उतार चढाबले विदेशिन बाध्य हामी नेपाली दाजुभाई तथा दिदिबहिनीहरुलाई प्रदेशमा आइपर्ने बिभिन्न समस्यामा सहयोग र हाते-मालो गर्दै खेल जगत तथा कलाकारीतामा समेत खेलाडी र कलाकार को मनोबल बढाउन सफल यस समाजले स्वदेशमा भई परिआउने बिभिन्न दैवी प्रकोप र अन्य समस्याहरुमा सामाजिक भावका साथ गरेको योगदानको उच्च मुल्याङ्कन गर्दछु । साथै यस दोहा कतारमा रहेका नेपाली नियोग तथा स्थापित अन्य सामाजिक सघंसस्थाहरुसँग हातेमालो गर्दै आई रहेको यस कास्की आदर्श सेवा समाजको उत्तरोत्तर प्रगतिको कामना गर्दछु र अन्त्यमा बिभिन्न उद्देश्यका साथ विश्वका हर कुनामा छरियर रहनु भएका नेपाली दाजुभाई तथा दिदिबहिनीहरु तथा सिङ्गो नेपाल, नेपाल आमा तथा नेपालमा रहनुहुने सम्पुर्ण नेपाली बुबाआमा, दाजुभाइ तथा दिदिबहिनीहरुमा नव बर्ष २०७४ सालको पावन अवसरमा सु-स्वास्थ, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको शुभ-कामना व्यक्त गर्दछु ।












Easy Way
Trading Contracting & Services
ايسي واي
تريدنغ كونتراكتينغ اند سيرفيسيس
Contracting, Manpower, Gypsum, Elec, Water, Paint Maintenance

**ध्रुव राज अधिकारी**

संस्थापक सदस्य तथा पूर्व अध्यक्ष
कास्की आदर्श सेवा समाज
दोहा कतार
स्थायी: रुपाकोट ६, कास्की

Tel: +974 44310726
M.: + 974 55978276,
70410199
P.O.Box: 4476, Doha-Qatar
Email: drurbanepal@gmail.com

माननीय कुमार खड्का
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
पत्र संख्या :०७३/०७४
चलानी नं. : ३१

नेपाल सरकार

फोन नं.: ४२००२८०
फ्याक्स: ४२००११६
वेभसाइटः www.mowcsw.gov.np
इमेल: mail@mowcsw.gov.np

निजी सचिवालय
सिंहदरवार, काठमाण्डौ

# शुभकामना

कास्की आदर्श सेवा समाज कतार आफैंमा कतारमा स्थापित सामाजिक संस्थाहरू मध्येमा पूरानो र अग्रणी संस्था हो भन्ने मैले सुनेको छु । त्यहाँ समस्यामा परेका नेपालीलाई गरेको सहयोगी भूमिकालगायत राष्ट्रमा भूकम्प, बाढीपहिरो, आगलागी पीडितहरूलाई बेलाबेलामा यो संस्थाले गर्दै आएको सहयोगको बारेमा म जानकार छु । साथै यस संस्थामा आबद्ध मित्रहरू गैर आवासीय नेपाली संघ, अर्न्तराष्ट्रिय समन्वय परिषद र राष्ट्रिय समन्वय परिषदमा समेत आफ्नो उपस्थिति जनाउन सफल भइसकेका छन् भन्ने सुन्न पाउँदा अत्यन्त हर्षित महसुस गरेको छु । साथै यो संस्थालाई अर्न्तराष्ट्रियकरण गर्नका लागि नेपालमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्ने क्रममा छ भन्ने सुनेको छु । देश र राष्ट्रका लागि केही गर्छु भनेर अगाडि बढ्ने संस्थाका लागि मैले खेल्नुपर्ने भूमिकाका लागि म सदा तत्पर रहने छु ।

हाल आएर आफ्ना गतिबिधि र कास्कीलाई विश्वभर चिनाउने खालका सामग्रीहरूलाई समेटेर **आदर्श सन्देश** नामक स्मारिका प्रकाशन गर्न लागेको कुरा सुन्न पाउँदा म हर्षित छु । शीघ्रातिशीघ्र उक्त पुस्तक पढ्न पाउनेमा म ढुक्क छु । यस्तो उच्च सोच पाल्नुहुने कास्की आदर्श सेवा समाज कतारका सम्पूर्ण कार्यसमिति, सल्लाहकारज्यूहरू र शुभचिन्तकहरू प्रति हार्दिक धन्यवादसहित सम्पूर्णमा शुभकामना व्यक्त गर्न चाहन्छु ।

माननीय कुमार खड्का
मन्त्री
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल ।

मितिः २०७३ फागुन १२

**शारदा पौडेल**
निर्वाचित संविधानसभा सदस्य
नेपाली कांग्रेस
कास्की-२
९८४६०६६१०५,६१-५२१६१०

**Sharada Poudel**
Elected Constituent Member
Nepali Congress
Kaski–2, 9846066105
061-521610

# शुभकामना

कास्की आदर्श सेवा समाज दोहा कतारमा कार्यरत कस्केली साथीहरुले आपतमा परेका नेपालीहरु को उद्धार र संकटमोचन कार्यमा अग्रणी भूमिका खेलेको जानकारी प्राप्त गर्दा अत्यन्तै खुशी लागेको छ। बिदेशमा बसेर मात्रृभुमी  नेपालमा आइपर्ने प्राकृतिक विपती र प्रबासमा दुख्ख पाएका नेपालीहरु लाई यस् संस्थाले आफ्नो बर्गत्ले भ्याए सम्मको मानविय सेवा जुटाएको देख्दा अत्यन्त खुशी लागेको छ। संस्थाले गरेका मानविय कार्य एवम रचनात्मक कार्यहरु लाई लिपिवद्ध गर्दै "आदर्श सन्देस" नामक स्मारिका प्रकासित गर्न लागेकोमा एस संस्थाका सम्पूर्ण पादाधिकारि एवम शुवेक्षुक साथीहरुलाई हार्दिक बदाई दिन चाहन्छु। स्मारिका मा समेटिएका लेख रचना र संस्थाले गरेका कृयाकलापको अध्ययन गरेर देश बिदिसमा रहेका तमाम नेपालीहरु ले मानविय शिक्षा प्राप्त गरी कास्की आदर्श सेवा समाज कतारले गरे जस्तै मानविय तथा सामाजिक कार्यमा लाग्ने प्रेरणा प्रदान गर्ने छ भन्ने विश्वाश लिएकी छु।

अन्त्यमा यस् संस्थाको उतरउत्तर प्रगतिको कामना गर्दछु।

जयनेपाल

मानानीय सान्सद सदस्य

श्रीमती शरादा पौडेल
कास्की क्षेत्र नंम्बर २
कास्की

**Jiban Pariyar**
Member, Constituent Assembly, Kaski
&
Central Committee Member, Nepali Congress

जीवन परियार
सदस्य, संविधान सभा, कास्की
एवं
केन्द्रीय सदस्य, नेपाली काँग्रेस

## शुभ-कामना

नेपालको झण्डै मध्य भागको जिल्ला तथा सुन्दर पोखरा विश्वकै आकर्षक पर्यटकीय स्थल मानिन्छ । कास्की जिल्ला जन्मभई कर्मथलो दोहा-कतारमा उत्कृष्ट काम गर्ने जमर्को गरी **"कास्की आदर्शको चाहना, सभ्य र समृद्ध समाजको स्थापना"** भन्ने मुल नारा राखी **कास्की आदर्श समाज, दोहा-कतार** नामक संस्था स्थापना गर्नु भएकोमा म अत्यन्त हर्षित छु । विभिन्न सामाजिक तथा मानविय कार्यहरु गर्दै आएकोले सबै साथिहरुलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

रोजगारीको शिलशिलामा कतार पुगेका कस्केली दाजुभाइ दिदीबहिनीहरुको प्रवासमा हुने दुःख आपद विपद पर्दा सरसहयोग गर्ने मुल उद्देश्यका साथ विशुद्ध सामाजिक संस्था **कास्की आदर्श सेवा समाज दोहा-कतार** स्थापना गर्नु आफैमा महत्वपुर्ण कार्य हो ।

साथै यस संस्थाले आफ्नो स्थापनाकाल देखी गरेका विभिन्न सामाजिक तथा मानविय कृयाकलापहरुको अभिलेख राख्ने उद्देश्यका साथ विभिन्न ज्ञानवर्धक र समसामयिक विषयवस्तुहरुलाई समेटेर **"आदर्श सन्देश"** नामक स्मारिका प्रकाशन गर्न लागेकोमा पूर्ण सफलताको कामना गर्दै हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

जय नेपाल !

जीवन परियार
सांसद

**नेपाल कम्युनिष्ट पार्टी**
(एकीकृत माक्सवादी लेनिनवादी)
धुम्बाराही, काठमाण्डौ, नेपाल

मिति २०७३ फागुन

**शुभकामना**

अध्याय अनुसन्धान र रोजगारिकीको सिलशिलामा नेपाली विदेशीने क्रम बढदो छ। खास गरिकन रोजगारी र अन्य क्रममा गरेर झण्डै आधाकरोड जनसंख्या देश बाहिर छ। दुनियाकै सबैभन्दा महँगो श्रम मानव श्रम हो । रोजगारीमा मानव श्रम बिदेसीनु विडम्बना हो । तर बिदेशमा रहेर पनि प्रत्यक्ष परोक्षरुपमा नेपाललाई गरिएको सहयोग अतुलनीय बन्दै आएको छ। सगै बैदेशिक रोजगारीको क्रममा हुने अप्ठ्यारा र समस्याहरुमा धेरै नेपालीहरुले दुख भोग्नु परेको सर्वबिधितै छ।

बिभिन्न देशमा रहनुभएका नेपाली नेपाली बीच भावनात्मक आर्थिक मानवीय सहयोगका लागि सामाजिक संघ संस्था निर्माण मार्फत हातेमालो गरेर एक अर्काको अप्ठेरोमा साथ सहयोग गर्दै आएको सुनिआएकै छौ । यसरी सामाजिक संस्था निर्माण गरेर विदेशमा रहनुभएका नेपालीहरुले नेपालमा ठुला सहयोग गर्नुभएकै छ। त्यस्ता सँस्था मध्यको एउटा सँस्था कास्की आदर्श सेवा समाज कतार हो भन्ने मैले बुझेको छु। यस संस्थामा आवद्ध सदस्य हरुले सामाजिक सेवा भाव स्वरूप सेती बाढी पिडित, कस्केली भूकम्प पिडित, सुबास परियार बचाउ अभियान, लाल बहादुर गायक बचाउ अभियान, लुम्ले पहिरो पिडित, बाटुलेचौर चण्डिका प्रा. बि. आर्थिक सहयोग, कास्की कोटमा स्वागत गेट निर्माण लगायत परोपकारी काम गरेको मैले सुनेको छु। आफ्नो व्यस्तता बाट समय निकालेर आम्दानीको केहि हिस्सा सामाजिक क्षेत्रमा लगाउने दोहा कतारस्थित कस्केली नेपाली दाजुभाईहरु प्रति बिशेष बधाई तथा धन्यबाद छ ।

आफ्ना सामाजिक गतिबिधि, साहित्य र संस्कृतिको संगालो ‘‘आदर्श संदेश‘‘ नामक स्मारिका प्रकाशित हुदै छ भन्ने सुन्दा खुशी लागेको छ। संस्थाका गतिबिधिहरु उक्त स्मारिका मार्फत बुझ्न पाउनेमा म आशावादी छु । बैदेशिक रोजगारीमा रहेर जन्मभूमि प्रति सामाजिक जिम्मेवारीलाई कर्तव्यबोध सम्झदै यहाँहरुले निभाउनु भएको भूमिका प्रति बिशेष धन्यवाद छ। यहाँहरुको र यस संस्थाको प्रगतिको धेरै धेरै शुभकामना।

**रबिन्द्र अधिकारी**
केन्द्रिय सदस्य, नेकपा (एमाले)

यज्ञ बहादुर थापा
निर्वाचित सम्विधानसभा सदस्य
नेपाली कांग्रेस
कास्कि क्षेत्र नं १
००९७७९८५६०२८२८८

Yagya Bahadur Thapa
Elected Constituent Member
Nepali Congress
009779856028288

# शुभकामना

विश्वको सुन्दर नगरि पोखरा र पोखरालाई केन्द्र बिन्दु बनाएर ४ स्थानिय समिती र एक महानगर पालिका लाई समेटेर बनेको कास्की जिल्ला पर्यटक र सुन्दरता को दृष्टिकोण ले अत्यन्तै सुन्दर मानिन्छ । विश्वमा कुनै त्यस्तो शहर छैन जसको हिमाल ताल र सूर्योदयको दृश्यले आन्तरिक तथा बाहिए पर्यटक लाई मन्त्रमुग्ध पार्न सक्ने सौभाग्य कास्की जिल्लाले प्राप्त गरेको छ । अन्नपूर्ण र माछापुछ्रे हिमाल लाई शिरमा राखेको विश्वकै नमुना पद्यात्राा अन्नपूर्ण पद्यात्रा लाई माला लगाएको फेवा मैढी र बेग्नास दह जस्ता पर्यटकिय रमणिय कास्की जिल्ला बाट मध्य पूर्वको उदयीमान खाडी राष्ट कतारमा रोजगारी तथा ब्यबसायमा संलग्न हुनु भएका कास्की बासी हरुलाई एउटै मालामा उन्ने पवित्र उद्देस्यका साथ कास्की आदर्श सेवा समाज कतार स्थापना गरी सस्थाले अहिले सम्म गरेका गतिविधि लाई समेटेर आदर्श सन्देश नामक स्मारिका प्रकाशन गर्दा अत्यन्तै खुशी लागेको छ । यस स्मारिकामा कास्की जिल्लाको सुन्दरता झल्कन सकोस यहाँ हरुले गरेका राम्रा काम हरु अटाउन सकुन भन्दै प्रकाशन्मुख स्मारिका को सफलता को कामना गर्दछु ।

विभिन्न कार्यको लागि कतार पुग्नु भएका कस्केली दाजु भाई दिदिबैनीहरु लाई प्रबासमा पर्ने र देश मा भईपरी आउने आपत बिपत मा कास्की आदर्श सेवा समाजकतार ले गर्दै आएको मानबिय कार्यहरु को मुक्त कण्ठले सरहना नगरि रहन सक्दिन। यस् सस्था को नारा जस्तै नेपाली समाज सभ्य सम्पृद्ध हुनसकोस भन्ने कामना गर्दछु । अन्त्यमा यसै स्मारिका मार्फत कतार मा रहनु हुने सम्पूर्ण कास्की बासी दाजु भाई दिदी बैनी हरु, सम्पूर्ण नेपाली जनमा लाई नव बर्ष २०७४ सालको हार्दिक मंगल् मय शुभकामना दिन चाहन्छु ।

जय नेपाल

ब्यबस्थापकिय सान्सद सदस्य

यज्ञ बहादुर थापा
कास्की क्षेत्र नम्बर १
प्रतक्ष्य निर्बाचित

कास्की आदर्श सेवा समाज

السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar

मिति २०७३/१२/१६
२९ मार्च २०१७

## शुभकामना सन्देश

कास्की आदर्श सेवा समाज, दोहा, कतारले समाजको पहिलो स्मारिका "आदर्श सन्देश" को प्रकाशन गर्न लागेको अवसरमा कास्की आदर्श सेवा समाज, दोहा, कतारका सम्पूर्ण पदाधिकारीहरुलाई बधाई दिन चहान्छु। यस स्मारिकामा सामाजिक गतिबिधिहरुका अतिरिक्त जानकारी मूलक सन्देश एवं स्वास्थ्य, साहित्य, संस्कृति आदि संग सम्बद्ध विविध पाठ्य सामग्रीहरु संलग्न गर्नु भएकोमा खुसी लागेको छ। स्मारिकामा समावेश उक्त पाठ्य समाग्रीहरु कतारमा विभिन्न पेशा तथा व्यवसाय गरी बस्नु भएका नेपाली दिदीबहिनी तथा दाजुभाईहरुको लागी महत्वपूर्ण, उपयोगी र सूचनामूलक रहनेछ भन्ने अपेक्षा गरेको छु।

साथै, नयाँ बर्ष २०७४ को शुभ अवसरमा कतारमा बस्नु हुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सुस्वास्थ्य, प्रगति तथा संवृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

मणिरत्न शर्मा
कार्यबाहक राजदूत

FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली
Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

Ref.N-388/015-17 GoN Registration No. : 01-2070/71

## हार्दिक शुभकामना !

कास्की जिल्लाबाट आएर खाडि मुलुक कतारमा कार्यरत कास्केलीहरुको नेपाली समाजमा चिरपरिचित संस्था कास्की आदर्श सेवा समाजले आफ्नौ १४औं वर्षगांठ मनाउने अवसरमा आदर्श सन्देश नाम स्मारिका प्रकाशित गर्न गईरहेको बारे जानकारी पाउंदा म हर्षित भएको छु ।

गैरआवासीय नेपाली संघले वैदेशिक रोजगारीमा गएका नेपालीहरुको हक हितको लागि एउटा वैदेशिक रोजगार तथा आप्रवासी कामदार कल्याणकारी समिति गठन गरेर विविध कार्यहरु संचालन गरिरहेको छ । वैदेशिक रोजागरको क्षेत्रलाई मर्यादित तथा व्यवस्थित गर्नको लागि संघले नेपाल सरकार र सरोकारवालाहरु संग सहकार्य र समन्वय गरि रहेको छ ।

यहांहरुले प्रकाशित गर्न लागेको स्मारिकाले वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुका विषय वस्तुलाई समेट्ने छ भन्ने मेरो विश्वास रहेको छ । यस स्मारिकामा प्रकाशित भएका आलेखहरुबाट वैदेशिक रोजगारमा जाने नेपाली दाजुभाई तथा दिदिबहिनिहरु लाभान्वित हुने छन् भन्ने मेरो विश्वास रहेको छ ।

अन्त्यमा, यस स्मारिकाले सबै पाठबृन्दहरुलाई आर्कषित गर्न सकोस भनि कामना गर्दै कतारमा कार्यरत समस्त नेपालीहरुको उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

भवदीय,

शेष घले
अध्यक्ष,
अन्तर्राष्ट्रिय समन्वय परिषद्
गैरआवासीय नेपाली संघ ।

११ जनवरी २०१७ ।

"For Nepali, By Nepali"

# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतार

**Non-Resident Nepali Association, National Coordination Council, Qatar**

Estd: 2003

Ref: NRNA_NCCQA/PRE_15/2015-2017 Date: March 6, 2017

# शुभकामना

कतारमा स्थापित अग्रणि संस्था कास्की आदर्श सेवा समाज कतारले आफ्नो स्थापना कालदेखिका गतिविहिरुको संगालोको रुपमा नव वर्ष २०७४ को शुभ अवसरमा प्रवासमा कार्यरत कास्केलीहरुको साझा आवाज **"आदर्श सन्देश"** नामक स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्तै खुसी लागेको छ ।

यो स्मारिकामा समावेश गरिने सामाग्रीहरुले संस्थाका आफ्ना सामाजिक गतिविधिहरु, प्रवासी कास्केलीहरुको आवाजहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको अवस्थालाई समेत चित्रण गर्दै एक उपयोगी एवं स्तरिय प्रकाशनको रुपमा तयार हुनेछ र पाठकहरुको मन जित्न सफल हुनेछ भन्ने विश्वास सहित हार्दिक शुभकामना व्यक्त व्यक्त गर्दछु ।

साथै कास्की आदर्श सेवा समाजकले स्थापनाकाल देखि नै एनआरएनएए एनसीसी कतारसँग नजिकबाट गरिरहेको संस्थागत सहकार्य र समन्वयको निरन्तरताको अपेक्षा गर्दछु ।

अन्त्यमा यो स्मारिकालाई उत्कृष्ट प्रकाशनको रुपमा प्रकाशित गर्न अहोरात्र खटिनुहुने मित्रहरुलाई पनि धन्यवाद व्यक्त गर्दै कास्की आदर्श सेवा समाजको निरन्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

भवदिय,

बिनेश तामाङ
अध्यक्ष
एनआरएनए एनसिसि कतार

Email: nrnancc.qatar2003@gmail.com,er.nandagarbuja@gmail.com , bineshtamang@gmail.com. Website: www.nrnaqatar.org

# शुभकामना

मध्यपुर्वको खाडी राष्ट्र कतारमा विगत १५ वर्ष अघि स्थापना भई प्रवास तथा स्वदेशमा सामाजिक कृयाकलापमा सक्रिय र हुन सफल सामाजिक सँस्था कास्की आदर्श सेवा समाज दोहा, कतारको दोश्रो प्रकाशन **"आदर्श सन्देश"** प्रवासमा प्रकाशन हुन गइरहेको पुनित अवसरमा प्रवासमा रहनु भएका कस्केलीहरु एवं समस्त नेपालीहरुको साहरा र विश्वासको घर साथै सम्पुर्ण कस्केलीहरुको ढुकढुकी बन्न सफल रहोस् । यस कास्की आदर्श सेवा समाज कतारको मर्म र उदेश्य अनुरुप आगामी दिनमा शसक्त रुपमा सदा पाहिलाहरु लम्किरहन् भन्ने कामनाका साथ देश र समाजलाई आफ्नो अभिव्यक्ति आदर्श सन्देश मार्फत् सदैव दिइरहन सक्नेछ भन्ने पुर्ण आशा र विश्वासका साथमा अरु उन्नती र प्रगतीको कामना व्यक्त गर्दै स्वदेश तथा विदेशमा छरियर रहनु भएका कस्केली एवं गैर कस्केली नेपाली दाजुभाइ, दिदीबहिनीहरु, आमा बुबाहरुमा नव वर्ष २०७४ को पावन अवसरमा सुख: शान्ति तथा समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

भवदिय,

**मनोज कुमार सैंजु**
अध्यक्ष
कास्की आदर्श सेवा समाज
युएई

**कास्की आदर्श सेवा समाज**
युएई परिवार ।

**केदार कुँवर**
महासचिव
कास्की आदर्श सेवा समाज
युएई

# शुभकामना




कतारको प्रवासी जीवनको अति व्यस्तताका बाबजुद सम्पूर्ण कास्केली शुभचिन्तकहरुका पीडा, मर्का समस्या तथा सुख दु:खहरुलाई आत्मसाथ गर्ने सफल रहेको कास्की आदर्श सेवा समाज, दोहा कतारले आफ्ना सदस्यहरुको हित मात्र नभई सम्पूर्ण नेपाली संस्थाहरुविच आपसी सद्भाव कायम गर्दै अझ सद्भाव र हितको अभिवृद्धिको निमित्त **'आदर्श सन्देश'** प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

कास्की आदर्श सेवा समाजले कतारमा स्थापना भएदेखि हालसम्म आफ्नो आदर्श, मान्यता र मुल सिद्धान्तलाई आत्मसात गरेको छ भन्ने मलाई विश्वास लागेको छ। वास्तवमा भन्नुपर्दा यस संस्थाले एक सामाजिक संस्थाले खेल्नुपर्ने भूमिकालाई आत्मसाथ गरेको मैंले बुझेको छु। यस संस्थाले कतारमा कार्यरत नेपालीहरुलाई समस्या दु:खका समयमा साथ दिने मात्र नभई आफ्नो गृह जिल्ला कास्की नेपाल र नेपालका देशैभरी पर्न आएका दैविप्रकोप जस्तै भुकम्प, बाढीपीडित, आगालागीमा सहयोगको अहम् भुमिका खेल्दै आइरहेकोछ । यस संस्थाका पवित्र उद्देश्यहरुले अझै शिखर चुम्न सफल होस भन्ने कामना व्यक्त गर्दछु ।

अन्त्यमा, कास्की आदर्श सेवा समाज दोहा कतारको सत्प्रयासले प्रकाशन हुन लागेको **'आदर्श सन्देश'** प्रकाशन सफल रहोस् र सदस्यहरु विचको सुमधुर सम्बन्धलाई कतारदेखि नेपालसम्म मात्र नभई विश्वभरीमै अझ गाढा बनाउने कार्यमा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**तिलकशाली सापकोटा**
पूर्व अध्यक्ष, कास्की आदर्श सेवा समाज, कतार

# शुभकामना



बैदेशिक रोजगारीको सिलसिलामा दोहा, कतारमा रहंदा मन मुटुमा रहेको समाज सेवा गर्ने चाहनाले अग्रज दाजु हरुले स्थापना गरिदिनु भएको कतारमा सम्पूर्ण कस्केलीहरुको साझा चौतारी कास्की आदर्श सेवा समाजमा आवद्ध हुने अवसर प्राप्त भयो । मेरो भावनालाइ साकार रुप दिन मलाइ समाज सेवाको ताते ताते‌मा पाइला चाल्दै समाज को नेतृत्व तह सम्म पुग्ने साहस दिने र सहयोग गर्ने मेरा सम्पूर्ण अग्रज दाजुभाइहरु प्रति म सदा ऋणी छु । संस्था कै छत्र छायाँमा रहेर सेती बाढी पीडितदेखि लिएर स्वदेश तथा विदेश मा बिभिन्न समस्यामा परेका नेपाली दाजु भाइ दिदी बहिनीहरुलाइ सहयोग गरेर पुण्य कमाउने सौभाग्य मिल्यो र हाल सम्म पनि संस्थाका पदाधिकारी मित्रहरुले मेरो संस्था प्रतिको जिम्मेवारीपन र इमान्दारिता को कदर गर्दै संस्थाको सल्लाहकार संयोजक जस्तो गहन जिम्बेवारीको पद मा रहने सौभाग्य दिनु भएको छ मेरो बल बुताले भ्याए सम्म मेरो पदीय मर्यादामा रहेर सदैव संस्थाको भलाइमा अग्रसर हुनेछु । हाल आएर संस्थामा आवद्ध कस्केली शुभचिन्तकहरुको सल्लाह सुझाव अनुसार यस संस्थाले गरेका बिभिन्न गतिबिधि तथा बिभिन्न ज्ञानमुलक लेख कथा कबिता निबन्ध आदि समाबेश गरि “आदर्श संदेश” नामक स्मारिका प्रकाशित गर्ने निर्णय गरेको हुनाले उक्त स्मारिका प्रकाशन गर्नका लागि मेरो तर्फबाट हुन सक्ने सबै किसिमका सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै र यस स्मारिका प्रकाशन गर्नका लागि विज्ञापन तथा लेख रचना दिएर सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति धन्यबाद व्यक्त गर्दै सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**श्री आश वहादुर गुरुङ**
प्रमुख सल्लाहकार, कास्की आदर्श सेवा समाज, दोहा कतार

# शुभकामना



मध्यपुर्व खाडीको राष्ट्र कतारमा १५ बर्ष अघी स्थापना भई प्रवास तथा स्वदेशमा सामाजिक कृयाकलापमा सकृय रहन सफल सामाजिक संस्था कास्की आदर्श सेवा समाज दोहा कतारको दोश्रो प्रकाशन तथा पहिलो सन्देशमुलक स्मारिका आदर्श सन्देश प्रवासमा प्रकाशन हुन गैरहेको पुनित अवसरमा प्रवासमा रहनु भएका कस्केली एवम समस्त नेपालीहरुको साहरा र विश्वासको घर साथै ढुकढुकी वन्न सफल रहोस । यस कास्की आदर्श सेवा समाज कतारको मर्म र उद्देश्य अनुरुप आगामी दिनमा अझ सशक्त रुपमा पाहिलाहरु लम्किरहुन भन्ने कामनाका साथ देश र समाजलाई आफ्नो अभिवक्ती आदर्श सन्देश मार्फत सदैव प्रवाह गरी रहनेछ भन्ने पूर्ण आशा र विश्वासका साथमा उन्नति प्रगतिको कामना व्यक्त गर्दै स्वदेश तथा विदेशमा छरिएर रहनु भएका कस्केली एवम गैर कस्केली नेपाली दाजुभाइ, दिदिवहिनी, आमा वुबाहरुमा नव बर्ष २०७४ को पावन अवसरमा सुख शान्ती तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**श्री हंश राज ढकाल क्षेत्री**
**संस्थापक सहसचिवः** का.आ.से.समाज, कतार
**सदस्यः** गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषद्
पोखरा उपमहानगरपालिका वडा नं २६, सराङकोट
हाल दोहा कतार

# प्रकाशन समिति



**श्री मन प्रसाद रानामगर**
संयोजक



**श्री भीम गिरी**
सदस्य सचिव



**श्री आश वहादुर गुरुङ**
कोषाध्यक्ष




**श्री बिकास राज वराल**
सदस्य



**श्री जीवन कुमार सुनार**
सदस्य



**श्री विक्की वि.क.**
सदस्य



**श्रीमती लक्ष्मी गिरी**
सदस्य



**श्री हंशराज ढकाल**
सल्लाहकार



**श्री विल गुरुङ**
सल्लाहकार



**श्री ध्रुवराज अधिकारी**
सल्लाहकार



**श्री रेशम वस्नेत**
सल्लाहकार

# शुभकामना

*नव वर्ष २०७४ को पावन अवसरमा विश्वभरी छरिएर रहनु भएका समस्त नेपालीजनमा सु-स्वास्थ्य, सुख, शान्ति, संमृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

## सल्लाहकार समिति २०१६ - २०१७

**सल्लाहकार प्रमुख: श्री आश वहादुर गुरुङ**

**सल्लाहकारहरु**

श्री हंशराज ढकाल | श्री ध्रुवराज अधिकारी | श्री विमल सुवेदी | श्री रेशम वस्नेत | श्री विष्णु सुवेदी

## कास्की आदर्श सेवा समाज

# कार्यसमिति पदाधिकारी २०१६-२०१७



**श्री मन प्रसाद रानामगर**
अध्यक्ष



**श्री धन वहादुर कार्की**
प्रथम उपाध्यक्ष



**श्री केशर क्षेत्री**
द्वितीय उपाध्यक्ष



**श्री विश्ववन्धु थापा**
सचिव



**श्री जीवन कुमार सुनार**
सह सचिव (खेलकुद संयोजक)



**श्री द्रोण प्रसाद वास्तोला**
कोषाध्यक्ष



**श्री अग्नि देवकोटा**
सह कोषाध्यक्ष



**श्री विक्की विक**
केन्द्रीय सदस्य (फेवा सांस्कृतिक संयोजक)



**श्री देव कृष्ण तिमिल्सिना**
केन्द्रीय सदस्य (यातायात संयोजक)



**श्री मन वहादुर कुँवर**
केन्द्रीय सदस्य (आकस्मिक कोष संयोजक)



**श्री प्रेम अधिकारी**
केन्द्रीय सदस्य



**श्री विकासराज वराल**
केन्द्रीय सदस्य



**श्री भीम गिरी**
केन्द्रीय सदस्य



**श्री महेन्द्र गिरी**
केन्द्रीय सदस्य



**श्री सुकदेव सुनार (सुर्य)**
केन्द्रीय सदस्य



**श्री वाबुराम थापा**
केन्द्रीय सदस्य



**श्रीमती डिल कुमारी गुरुङ**
केन्द्रीय सदस्य



**श्री सुरज रानाभाट**
केन्द्रीय सदस्य



**श्री गोकर्ण सुनार**
केन्द्रीय सदस्य

**श्री डिल वहादुर खड्का**
केन्द्रीय सदस्य

## सल्लाहकार समिति २०१६ - २०१७

**सल्लाहकार प्रमुख : श्री आश वहादुर गुरुङ**

**श्री हंशराज ढकाल**
सल्लाहकार

**श्री ध्रुवराज अधिकारी**
सल्लाहकार

**श्री विमल सुवेदी**
सल्लाहकार

**श्री रेशम वस्नेत**
सल्लाहकार

**श्री विष्णु सुवेदी**
सल्लाहकार

## संस्थापक / तदर्थ समिति : ३० जुलाई २००२ देखि ३० अगस्ट २००७ सम्म

संयोजक : श्री बलराम सापकोटा
उप संयोजक : श्री गोविन्द सुबेदी
सचिव : श्री तिलक सापकोटा
सह-सचिव : श्री हंशराज ढकाल, क्षेत्री
कोषाध्यक्ष : श्री ऋषिराम भण्डारी
सदस्यहरु : श्री धन बहादुर कार्की क्षेत्री
श्री धुर्व राज अधिकारी
श्री खिम बहादुर कार्की क्षेत्री
श्री मधु सुबेदी
श्री प्रेमराज गौतम
श्री पर्शुराम अधिकारी

## प्रथम अधिवेशनवाट निर्वाचित अध्यक्ष तथा पूर्ण कार्यसमितिका पदाधिकारीहरू र सल्लाहकार समिति

### २३ नोभेम्वर २००७ देखि २७ नोभेम्वर २००८

अध्यक्ष : श्री धुवराज अधिकारी
उपाध्यक्ष : श्री हंशराज ढकाल क्षेत्री
सचिव : श्री राम प्रसाद गौतम
सह(सचिव : श्री तिलक सापकोटा
कोषाध्यक्ष : श्री प्रसन्न पंगेनी
सदस्यहरु : श्री खिम वहादुर कार्की
श्री महबुव रमदान मिया
श्री नारायण सुनार
श्री प्रकाश अधिकारि
श्री विमल गुरुङ
श्री गुरुदेव जि सि
श्री भोज वहादुर थापा क्षत्री
श्री दिपक अधिकारी
श्री हिरामणि दाहाल
श्री मीन वहादुर विश्वकर्मा
श्री धन वहादुर कार्की

सल्लाहकारहरु : श्री वीरभद्र आचार्य
श्री विल वहादुर गुरुङ
श्री विमल सुवेदी
श्री महेश वस्नेत

## दोस्रो तदर्थ समिति : ३१ अगस्ट २००७ देखि २२ नोभेम्वर २००७

### पूर्ण कार्यसमितिका पदाधिकारीहरू र सल्लाहकार समिति

संयोजक : श्री विल वहादुर गुरुङ
सह-संयोजक : श्री नन्दलाल अधिकारि
सचिव : श्री ध्रुवराज अधिकारि
सह-सचिव : श्री हंशराज ढकाल, क्षेत्रि
कोषाध्यक्ष : श्री शिवराज अधिकारि
सदस्यहरु : श्री राम कृष्ण लामिछाने
श्री नारायण सुनार
श्री महेन्द्र प्रसाद सुवेदी
श्री दुर्गा प्रसाद तिमील्सिना
श्री वल वहादुर कार्की
श्री प्रकाश अधिकारी
श्री धन वहादुर कार्की
श्री खिम वहादुर कार्की
श्री विमल गुरुङ
सल्लाहकारहरु : श्री वलराम सापकोटा
श्री विमल सुवेदी
श्री महेश वस्नेत

## २००८-२००९ कार्यकालको निम्ति पुनर्गठन तथा पूर्ण कार्यसमितिका पदाधिकारीहरू र सल्लाहकार समिति

अध्यक्ष : श्री तिलक सापकोटा
प्रथम उपाध्यक्ष : श्री हंशराज ढकाल
द्वित्तिय उपाध्यक्ष : श्री विमल गुरुङ
सचिव : श्री राम प्रसाद गौतम
सह-सचिव : देवेन्द्र विक्रम शाही
कोषाध्यक्ष : श्री प्रशन्न पगेनि
सह-कोशाध्यक्ष : श्री खिम वहादुर कार्की
सदस्यहरु : श्री आश वहादुर गुरुङ
श्री राम कृष्ण लामिछाने
श्री प्रभात त्रिपाठी
श्री नारायण सुनार
श्री तोरण क्षेत्री
श्री मिन वहादुर विश्वकर्मा
श्री नारायण प्रसाद सापकोटा

सल्लाहकारहरु : श्री बिल वहादुर गुरुङ
श्री शिवराज अधिकारी
श्री ध्रुवराज अधिकारी
श्री नन्दलाल अधिकारी
श्री विमल सुवेदी

## दोस्रो अधिवेसनवाट निर्वाचित अध्यक्ष तथा पूर्ण कार्यसमितिका पदाधिकारीहरू र सल्लाहकार समिति

### २०१० २०११ कार्यसमिति तथा सल्लाहकार समिति

अध्यक्ष : श्री राम प्रसाद गौतम
प्रथम उपाध्यक्ष : श्री महादेव ढुंगाना
द्विातिय उपाध्यक्ष : श्री लेखनाथ लम्साल
सचिव : श्री हरि विनोद अधिकारी /श्री रेशम वस्नेत
सह सचिव : श्री तोरण वहादुर क्षेत्री
कोषाध्यक्ष : श्री आश वहादुर गुरुङ
सह कोशाध्यक्ष : श्री मिन वहादुर सुनार

**सदस्यहरु :**

श्री ढाकामोहन रानाभाट
श्री ध्रुवराज ओझा
श्री डम वहादुर पुन
श्री नारायण सुनार
श्री लोकेन्द्र कुवर
श्री प्रकाश विश्वकर्मा
श्री तिर्थ क्षेत्री
महिला सदस्य : सावित्री गिरी

**सल्लाहकार समिति :**

श्री हंशराज ढकाल
श्री खिम वहादुर कार्की
श्री विल वहादुर गुरुङ
श्री विमल सुवेदी
श्री कृष्ण बिक

## तेस्रो अधिवेशनवाट निर्वाचित अध्यक्ष तथा पूर्ण कार्यसमितिका पदाधिकारीहरु र सल्लाहकार समिति २०१२-२०१३

अध्यक्ष : श्री आश वहादुर गुरुङ
प्रथम उपाध्यक्ष : श्री प्रकाश विक / श्री बिष्णु सुबेदी
द्वितिय उपाध्यक्ष : श्री टंक प्रसाद तिमील्सिना
सचिव : श्री रेशम वस्नेत
सह-सचिव : श्री गंगाधर दवाडी
कोषाध्यक्ष : श्री दीपेन्द्र मल्ल
सह कोषाध्यक्ष : श्री गणेश त्रिपाठी

**सदस्यहरु :**

श्री मिन वहादुर सुनार
श्री डम वहादुर पुन
श्री हिरामणि दाहाल
श्री राजेन्द्र वहादुर ढकाल क्षत्री
श्री अव्दुल रहिम
श्री कृष्ण बि क
श्री केशर क्षेत्री
श्री मन प्रसाद रानामगर
श्रीमती पार्वती तिमिल्सिना
श्रीमती सविना वानिया शेरचन

**सल्लाहकारहरु :**

श्री हंशराज ढकाल
श्री विल वहादुर गुरुङ
श्री ध्रुवराज अधिकारी
श्री राम प्रसाद गौतम
श्री विमल सुवेदी

## चौथो अधिवेशनवाट निर्वाचित अध्यक्ष तथा पूर्ण कार्यसमितिका पदाधिकारीहरु र सल्लाहकार समिति २०१४-२०१५

अध्यक्ष : श्री आश वहादुर गुरुङ
प्रथम उपाध्यक्ष : श्री टंक प्रसाद तिमिल्सिना
द्वितिय उपाध्यक्ष : श्री रेशम वस्नेत
सचिव : श्री मन प्रसाद रानामगर
सह-सचिव : श्री विश्ववन्धु थापा
कोषाध्यक्ष : श्री दीपेन्द्र मल्ल
सह-कोषाध्यक्ष : श्री गणेश त्रिपाठी

**सदस्यहरु :**

श्री धन वहादुर कार्की
श्री केशर क्षेत्री
श्री शिव वास्तोला
श्री द्रोणा प्रसाद वास्तोला
श्री सुरज रानाभाट
श्री अव्दुल रहिम
श्री सुर्य वस्नेत
श्री चित्र वहादुर वि क
श्री बिकास राज वराल
श्रीमती पार्वती तिमील्सिना
श्री अगन्धर देवकोटा अग्नी

**सल्लाहकारहरु :**

श्री वलराम सापकोटा
श्री हंशराज ढकाल
श्री विल वहादुर गुरुङ
श्री ध्रुवराज अधिकारी
श्री राम प्रसाद गौतम
श्री विमल सुवेदी
श्री बिष्णु सुवेदी

## प्रथम विधान मस्यौदा तीन सदस्यीय समिति

संयोजक : श्री बलराम सापकोटा
सदस्य : श्री हंशराज ढकाल
सदस्य : श्री तिलकशाली सापकोटा

## प्रथम निर्वाचन मण्डल २७ नोभेम्बर २००७

संयोजक : श्री सम्सुदिन मिया
सदस्य : श्री राजेश दर्शन अर्याल
सदस्य : श्री रामहरि गैह्रे

## विधान संशोधन

प्रथम विधान संशोधन २०६३ - २००७
संयोजक : श्री विल वहादुर गुरुङ
दोश्रो विधान संशोधन २०७० - २०१४
संयोजक : श्री राम प्रसाद गौतम
तेश्रो विधान संशोधन २०७२ - २०१६
संयोजक : श्री विमल सुवेदी

Regd. No.: 129506/071/072

# शुभकामना

नव बर्ष २०७४ सालको पावन अवसरमा कतार, स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण एनआरएन, नेपाली दाजुभाइ तथा दिदीवहिनीहरुमा सु-स्वास्थ्य, दिर्घायु साथै उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
साथै कतारमा रहेर सामाजिक कृयाकलापहरुमा कृयाशिल कास्की आदर्श सेवा समाज, कतारको आदर्श सन्देश स्मारिकाको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**Netra Prasad Timilsina**
Managing Director
9856044072

Family Enterprises Pvt. Ltd.
फेमिली इन्टरप्राइजेज प्रा.लि.

Pokhara, Kaski, Nepal
Tel.: 061-401186
Email: familyenterprises@gmail.com

Regd. No.: 57002

# शुभकामना

नव बर्ष २०७४ सालको पावन अवसरमा कतार, स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण एनआरएन, नेपाली दाजुभाइ तथा दिदीवहिनीहरुमा सु-स्वास्थ्य, दिर्घायु साथै उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
साथै कतारमा रहेर सामाजिक कृयाकलापहरुमा कृयाशिल कास्की आदर्श सेवा समाज, कतारको आदर्श सन्देश स्मारिकाको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**Dambar Raj Adhikari**
CEll: 9856023162

Lineup Travels (P.) Ltd.
Treks & Expedition

Lakeside-6, Pokhara, Nepal, Tel: +977-61463781, 463768
Email: info@lineupnepal.com
www.lineupnepal.com

# सम्पादकीय



विमल सुवेदी
प्रधान सम्पादक

वैदेशिक रोजगारी, पेसा व्यवसाय विविध उद्देश्य लिएर जन्म भूमिबाट कतार आउनु भएका कस्केलीहरूलाई समेट्ने र उनीहरूका सुख दु:ख मा साथ सहयोग गर्ने पवित्र उद्देश्यका साथ कास्की आदर्श सेवा समाज विक्रम संवत २०६२ सालमा कतारको दोहामा स्थापना भएको हो । संस्थाले आफ्ना गतिविधिलाई समेटेर मुख पत्र को रूपमा **"आदर्श सन्देश"** नामक स्मारिका तपाईहरू समक्ष ल्याउने जमर्को गरेको छ । यस प्रकाशन मार्फत् कास्की आदर्श सेवा समाजले आफ्ना सामाजिक गतिविधिलाई समेट्दै बिभिन्न जानकारीमुलक सन्देश, स्वास्थ्य, साहित्य, हाम्रो संकृती समेटेको छ ।

आधुनिक जमानामा रोजगारी हर युवा युवतीहरूको आवश्यकता हो यही रोजगारीको सिलसिलामा देशको अवस्थाले गर्दा युवा युवतीहरू गाउँ टोल समाज देश छोडेर प्रवासिएका छन यो रहर हैन बाद्यता हो । प्रवासिएका नेपालीहरूले रेमिटेन्स मार्फत् देशको आर्थिक विकासमा टेवा दिइरहदा बैदेशिक रोजगारिका लागि विदेशिएका युवा र उनीहरूको परिवार कुन अवस्थामा छन नेपाल सरकार बेखवर जस्तै भएको अवस्थामा वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नेपाल सरकारले सकिरहेको छैन जबसम्म मर्यादित र व्यवस्थित बनाउन सकिदैन जो कोही नेपाली पीडित हुन सक्दछ सबै विदेश जानेहरूको सपना साकार हुँदैन यो कटु सत्य हो । मानब संसाधनलाई व्यवस्थित बनाउन अभियानमा टेवा पुगोस पीडित नेपालीमनलाई सहयोग गर्ने हेतुले कास्की आदर्श सेवा समाज कतारको स्थापना भएको बुझिन्छ । यसका अलवा देशमा भए गरेका प्रकृतिक विपत्तिका घटनाका पीडितलाई सहयोग, गाउ घरमा स्थापना भएका सरकारी विद्यालयहरूको भौतिक सुधार देखि विद्यलयमा अक्षयकोषको स्थापना गरी एक शिक्षित असल समाजको निर्माण सक्दो सहयोग गर्नु प्रवासमा नेपाली संकृति र रीतीरिवाजलाई चिनाउन समेत उल्लेखनीय कार्य गरेको प्रस्ट देखिन्छ ।

कास्की आदर्श सेवा समाजको सामाजिक कृयाकलापलाई हेर्दा विदेशमा संघर्ष गर्दै गर्दा आ-आफ्नै तरिकाले बाँच्ने जिन्दगीको बाटोभन्दा पनि सामाजिक भावले प्रेरित हुन सके दुर देशमा भए पनि देश,समाजलाई केही दिन सकिन्छ भन्ने उदाहरण प्रस्तुत भएको छ । अन्त्यमा यस सस्थाले गरेका र राम्रा र असल कार्यहरूले अन्य सस्था र समाजलाई पनि उदाहरण र प्रेरणाका श्रोत बन्ने छन भन्ने विश्वास गर्न सकिन्छ । पहिलो प्रकाशनको रूपमा आदर्श मेम्बरशिप डायरि प्रकाशन मा ल्याइ सकेको सस्थाको मुख पत्रको रूपमा प्रकाशन उन्मुख "आदर्श सन्देश" नामक मुख पत्रले निरन्तरता पाइर होस भन्ने शुभेक्षा व्यक्त गर्दछु । स्मारिका प्रकाशनको लागि आफ्नो लेख रचना र आवश्यक सामाग्री उपलब्ध गराउने र सस्था लाई सहयोग गर्ने पवित्र उद्देश्यले सहयोगी हात फैलाउने व्यवसायी संघ सस्था सबैमा हार्दिक आभार व्यक्त गर्दछु । प्रकाशन उन्मुख स्मारिका प्रकाशनमा ल्याउन अहोरात्र खटेर महत्वपूर्ण भुमिका खेल्नु हुने यस संस्थाका अध्यक्ष श्री मन प्रसाद राना मगर जीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

साथै नेपालीहरूको नयाँ वर्ष २०७४ को सुखद उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुहुने कस्केली र गैर कस्केली दाजुभाइ दिदिबहिनीहरूमा सु-स्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# विषयसूची


| | |
|---|---|
| अध्यक्षको कलमबाट- मन प्रसाद रानामगर | १ |
| आजीवन सदस्यहरुको नामावली | ३ |
| सन २००२ देखि मार्च २०१७ सम्म | ६ |
| कास्की आदर्श समाजका आर्थिक तथा राहत वितरण कार्यक्रमका तस्वीरहरु | १५ |
| कास्की जिल्ला संक्षिप्त परिचय- हंशराज ढकाल | १७ |
| प्रवासमा स्थापित संघ सस्थाको महत्व र आवश्यकता- विमल सुवेदी | २१ |
| कास्की आदर्श सेवा समाज, युएईको परिचय तथा गतिविधि- केदार कुँवर | २५ |
| फेवा सांस्कृतिक परिवार- आश बहादुर गुरुङ | २७ |
| तस्वीरमा कास्की आदर्श सेवा समाज | २८ |
| कतारमा कस्केली भलिवल- जीवन कुमार सुनार | ३१ |
| काआसेस कतारद्वारा भलिवल प्रतियोगिता- विश्वबन्धु थापा | ३२ |
| स्थानीय पुनर्संरचनामा को कहां ?- भीम गिरी | ३३ |
| विप्रेषण, सामूहिक लगानी र संचय कोष- कुमार पन्त | ३९ |
| समृद्ध समाजका लागि उद्यमशिलता र सहकारिता- कुमार कार्की | ४१ |
| नेपाली महिला र वैदेशिक रोजगार- मञ्जु गुरुङ | ४३ |
| संघ संस्थावाट प्राप्त भएका सम्मान तथा प्रशंसा पत्रहरु | ४५ |
| संस्थाका गतिविधि मिडियामा | ४६ |
| दुतावास र संघ सस्थाबीचको सहकार्य अनिवार्य- आश बहादुर गुरुङ | ४७ |
| सरकारलाई ज्ञापन पत्र- हंशराज ढकाल | ४९ |
| मैले देखेको कतार- वाहिद अलि | ५० |
| सार्दिखोला एक परिचय- द्रोण प्रसाद वास्तोला | ५२ |
| "सात तालको बाटिका शहर"- महेन्द्र गिरी | ५४ |
| फेवाको दमदार प्रस्तुति | ५५ |
| वैदेशिक रोजगारमा जाने व्यक्तिहरुका लागि अत्यन्त जरुरी सूचना | ५६ |
| स्वास्थ्य टिप्स- मान बहादुर केसी | ६० |
| परदेशी छोरा भाग्यमानी वा अभागी- केदार कुँवर | ६३ |
| सम्मान तथा विदाइका झलकहरु | ६५ |
| नेपाली साहित्य र संस्कृतिमा कास्कीको उपस्थिति- रेशम वस्नेत | ६६ |
| कास्की आदर्श सेवा समाज विदेशदेखि स्वदेशसम्म-रेशम वस्नेत | ६७ |
| साहित्य फांट | ६८ |
| कला र संस्कृतिको उत्थानमा नेपालीहरु- विक्की विक | ७६ |

# फेवा सांस्कृतिक परिवार २०१६-१७



**श्री बिक्कि बिक**
संयोजक



**श्री प्रेम अधिकारी**
सह-संयोजक



**श्री तुल बहादुर परियार**
सचिव




**श्री वीरेन्द्र सुनार**
कोषाध्यक्ष



**श्री महेश तामाङ**
सदस्य



**श्री दिनेश तामाङ**
सदस्य



**सुश्री नन्दा परियार**
सदस्य



**श्री टेकराज थापा**
सदस्य



**सुश्री इन्दिरा अर्याल**
सदस्य



**श्री हरि बिनोद अधिकारी**
सल्लाहकार



**श्री महेन्द्र गिरी**
सल्लाहकार

IME International Money Express
A Complete Money Transfer Solution
prabhu Money Transfer
CITY EXPRESS MONEY TRANSFER
WESTERN UNION MONEY TRANSFER

**हाम्रा सेवाहरू:** फोटोकपी, रिचार्ज कार्ड, विदेशबाट पठाएको रकम विना झन्झट तुरुन्तै उपलब्ध गराउने, नेपालभरी रकम पठाउन एवं जीवन विमा तथा परामर्श सेवा उपलब्ध गराउछौं ।

तिलक सापकोटा
९८४६२१३५४६, ९८५६०६१७६९

सेवक मनि ट्रान्सफर
लेखनाथ-३, अर्घौं, कास्की
फोन: ०६१-५६१७६९